जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# जनकनन्दिनी गाउँपालिका

आर्थिक ऐन, २०७७

जनकनन्दिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुरी, धनुषा
२०७३

गा.पा. अध्यक्ष

गाउँसभाबाट स्वीकृत मिति : २०७७/०४/१६

जनक नन्दिनी गाउँपालिका
आर्थिक ऐन, २०७७

Scanned with CamScanner

## जनकनन्दिनी गाउँपालिकाको अर्थ सम्धन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना :** जनकनन्दिनी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उप धारा (२) बमोजिम जनकनन्दिनी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **सम्पती कर :** गाउँपालिकाका क्षेत्रभित्र अनुसुची (१) बमोजिम एकीकृत सम्पती कर/घरजग्गा कर लगाईने र असुल उपर गरिनेछ।

२. **भुमि कर (मालपोत) :** गाउँपालिकाका क्षेत्रभित्र अनुसुची (२) बमोजिम भुमिकर (मालपोत) लगाईने र असुल उपर गरिनेछ।

३. **वहाल कर :** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा,छप्परा, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसुची (३) बमोजिम वहाल कर लगाईने र असुल गरिनेछ।

४. **व्यावसाय कर :** गाउँपालिकाका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधरमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, जडिबुटी, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायीक कारोबार गरेवापत अनुसुचि (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

६. **सवारी साधन कर :** गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृति भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिमको हुनेछ।

७. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृति भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिमको हुनेछ।

८. **मनोरञ्जन कर :** गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय, सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिने छ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

९. **बहाल बिरौटी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफुने निर्माण, रेखदेख वा संचालन गरेका अनुसुचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिरौटी शुल्क लगाइने र असुल उपर गरिनेछ।

१०. **पार्किङ शुल्क :** गाउँपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाईने र असूल उपर गरिनेछ।

११. **सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवाग्राहीवाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूचि (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१३. **कर छुट :** यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन्।

गा.पा. अध्यक्ष

Scanned with CamScanner

१४. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपलिकाले तोके अनुसार हुनेछ ।

## अनुसूचि १
(दफा (१) सँग सम्वन्धित)

### एकीकृत सम्पति कर
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ को प्रावधान वमोजिम एकीकृत सम्पति कर लागू गर्न कार्यालयबाट आवश्यक व्यवस्था गर्ने ।

### घर जग्गा कर
एकीकृत सम्पती कर लागू नभएसम्म गाउँकार्यपालिकाबाट निर्धारण भए बमोजिम घर जग्गा कर लागू हुनेछ ।

## अनुसूचि २
(दफा (२) सँग सम्वन्धित)

| जग्गाको किसिम | प्रति कठ्ठा (३३८.६० व.मि.रु | जरिवाना | कैफियत |
|---|---|---|---|
| अब्वल | ५ | वार्षिक १० प्रतिशत | विगत वर्षको हकमा विगत नै दररेटको आधारमा प्रति वर्ष १० प्रतिशत जरिवाना लाग्नेछ । |
| दोयम | ४ | | |
| सिम | २ | | |
| चहार | २ | | |

## अनुसूचि ३
(दफा (३) सँग सम्वन्धित)

(क) **बहाल करको दर**

१. जनकनन्दिनी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा, पोखरी वा अन्य सम्पति पुरै वा आंशिक तवरले बहाल दिएकोमा बहाल अंशको १० प्रतिशत ।

२. संगठित संघसंस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकतिका अन्य निकायले बहाल लिए वापत वहाल रकम भुक्तानी गर्दा स्रोतमै अग्रीम बहाल कर कट्टी गरी गाउँपालिकामा दाखिला गर्नुपर्नेछ ।

(ख) वहाल कर निर्धारण प्रक्रिया

१. बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्ने छ ।

२. क्षेत्रगत आधारमा गाउँकार्यपालिकाको न्यूनतम बहाल दर तोक्न सक्नेछ ।

३. गाउँ कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा सम्झौता पत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ ।

गा.पा. अध्यक्ष

Scanned with CamScanner

## अनुसूचि ४

(दफा (४) सँग सम्वन्धित)

व्यवसाय करको दर

| सि.नं. | व्यवसायको किसिम | वार्षिक दर |
|---|---|---|
| १ | सुन, चाँदी पसल | २०००।- |
| २ | चुरोट, बिरी वा सुर्तिको थोक बिकेता | १०००।- |
| ३ | मदिरा एवं कोलड्रिंक्स बिकेता | २०००।- |
| ४ | श्रीगांर पसल तथा ब्यूटी पार्लर | १०००।- |
| ५ | फलफूत तरकारी स्थायी पसल | ५००।- |
| ६ | जुत्ता चपल पसल | १०००।- |
| ७ | स्टेश्नरी तथा पुस्तक पसल | १०००।- |
| ८ | चस्मा पसल | १०००।- |
| ९ | टायर ट्यूव मर्मत | ७००।- |
| १० | ब्याट्री मर्मत तथा चार्ज गर्ने | ७००।- |
| ११ | पेन्टर रबर स्टाम्प | ७००।- |
| १२ | नर्सरी | ७००।- |
| १३ | माछा, मासु अण्डा पसल स्थायी | १०००।- |
| १४ | भाडा वा ग्यास पसल | १५००।- |
| १५ | फर्निचर पसल | १०००।- |
| १६ | केवुल नेटवर्किङ | १०००।- |
| १७ | उद्योग तथा कम्पनीको एंजेन्सी | २०००।- |
| १८ | औषधी पसल | १५००।- |
| १९ | मल खाद बिउ विजन | १५००।- |
| २० | जादु, सर्कस, थिएटर, संगित तथा मनोरंजन हल प्रति दिन | ३००।- |
| २१ | वैण्डवाजा | ७००।- |
| २२ | टेन्ट हाउस डेकोरेशन | १०००।- |
| २३ | हार्डवेयर पसल | २०००।- |
| २४ | कम्प्यूटर पसल | २०००।- |
| २५ | इलेक्ट्रोनिक, इलेक्ट्रीक सामान विक्रेता | १५००।- |
| २६ | इलेक्ट्रोनिक , इलेक्ट्रीक मर्मत | ७००।- |
| २७ | पेट्रोलियम पदार्थ विक्रेता | २०००।- |

गा.प्र. अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| २८ | किराना पसल | १०००।- |
| २९ | कपडा पसल | १०००।- |
| ३० | रिक्सा, साईल विक्रेता | १०००।- |
| ३१ | रिक्सा साईकल मर्मत | ७००।- |
| ३२ | हेभि इक्वीपमेन्ट बस, ट्रक, कार, ट्र्याकटर मर्मत | २५००।- |
| ३३ | मोटरसाईकल टेम्पो आदी | १०००।- |
| ३४ | पम्पिङ सेट, मोटर पंखा आदी | १०००।- |
| ३५ | आधारभुत स्तरका निजी विद्यालय | ७००।- |
| ३६ | नि.मा.वि. स्तरका निजी विद्यालय | १०००।- |
| ३७ | मा.वि.स्तरका निजी विद्यालय | १५००।- |
| ३८ | उच्च मा.वि. र क्याम्पस निजी स्तरका | २०००।- |
| ३९ | निजी/गैर सरकारी प्राविधिक शिक्षा तथा तालिम | २०००।- |
| ४० | निजी नर्सिङहोम तथा अस्पताल | २०००।- |
| ४१ | क्लीनीक तथा ल्याव ईत्यादी | १०००।- |
| ४२ | इन्जिनियरिङ सेवा | २०००।- |
| ४३ | कानूनी सेवा | २०००।- |
| ४४ | लेखापरीक्षक | १५००।- |
| ४५ | अनुसन्धानकर्ता तथा परामर्शदाता | १५००।- |
| ४६ | कम्प्यूटर एनालिष्ट तथा प्रोग्रामर | १५००।- |
| ४७ | विमा ऐजेन्ट | १५००।- |
| ४८ | सर्भेयर | १५००।- |
| ४९ | अनुवाद | १५००।- |
| ५० | सामान ढुवानी कर्ता तथा कम्पनी | १५००।- |
| ५१ | निर्माण व्यवसाय | |
| | " घ " श्रेणी | ३५००।- |
| | " घ " श्रेणी म्यादभित्र नविकरण | १०००।- |
| | " घ " श्रेणी म्याद नाघी नविकरण | २०००।- |
| ५२ | चामल तथा तेल उत्पादन गर्ने उद्योग | २०००।- |
| ५३ | स - मिल काष्ट उद्योग | ३०००।- |
| ५४ | अफसेट प्रेस | १०००।- |

गा.पा. अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| ५५ | डिजिटल फोटो कलर ल्याब | १०००।- |
| ५६ | फोटो स्टुडियो | ८००।- |
| ५७ | कुटानी, पिसानी मिल | ५००।- |
| ५८ | ईटा उद्योग | ५०००।- |
| ५९ | ग्रिल सटर उद्योग | १५००।- |
| ६० | हेयर कटिङ गर्ने | ७००।- |
| ६१ | पाउरोटी उद्योग | १०००।- |
| ६२ | टेलरिङ सेवा | ८००।- |
| ६३ | मैनवत्ती उद्योग | ८००।- |
| ६४ | सावुन सर्फ उद्योग | २०००।- |
| ६५ | पानी उद्योग | १५००।- |
| ६६ | सुर्ति जन्य उद्योग | २०००।- |
| ६७ | होटल | १०००।- |
| ६८ | भेडा बाखा फर्म | १०००।- |
| ६९ | गाई भैंसि फर्म | १०००।- |
| ७० | संचार सेवा :- | |
| | संचार कम्पनीको प्रति टावर | २०००।- |
| | एफ.एम.रेडियो | १०००।- |
| | टेलिफोन, फ्याक्स, ईन्टरनेट कुरीयर आदि | ८००।- |
| ७१ | वित्तीय सेवा :- | |
| | नेपाल सरकारको स्वामित्वमा नरहेको बैंक | ३०००।- |
| | आर्थिक कारोवार गर्ने वित्तीय कम्पनी, मनी ट्रान्सफर | २०००।- |
| | विदेशी मुद्रा सटही | १०००।- |
| *माथिको वर्गिकरणको समावेश नभएका व्यवसायको कारोबार र स्तर हेरी वार्षिक रु ५००।- देखि रु.५०००।- सम्म* | | |

गा.पा. अध्यक्ष

Scanned with CamScanner

## अनुसूचि ५
(दफा (५) सँग सम्वन्धित)

### जडिबुटी कबारी र जीवजन्तु करको दर

ऊन, जडिवुटी, कवााडी माला र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंग, प्वाँख, छाला, जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत निम्न बमोजिम कर लाग्नेछ :-

क) कागजजन्य सामानका लागि प्रति किलोग्राम रु. एक
ख) फलामजन्य सामानका लागि प्रति किलोग्राम रु. दुई
ग) स्टीलजन्य सामानका लागि प्रति किलोग्राम रु. दुई
घ) अन्यका हकमा प्रति किलोग्राम रु. दुई

## अनुसूचि ६
(दफा (६) सँग सम्वन्धित)

### सवारी साधन करको दर

जनकनन्दिनी गाउँपालिकाभित्र ठेगाना रहने गरी दर्ता भएका तथा जनकनन्दिनी गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा देहाय वमोजिम वार्षिक सवारी कर लाग्ने :

क) ईन्जिनबाट चल्ने दुई पांग्रे मोटर साईकल वा यस्तै सवारी साधन रु. १००।-
ख) कार, जीप वा यस्तै चार पांग्रे सवारी साधनको रु. ५००।-
ग) टेम्पु, ट्रेक्टर वा यस्तै चार पांग्रे सवारी साधनको रु. ५००।-
घ) मिनी बस, मिनी ट्रक वा यस्तै चार पांग्रे सवारी साधनको रु. १०००।-
ङ) ठुला वस, ट्रक वा यस्तै चार पांग्रे सवारी साधनको रु. १५००।-
च) डोजर क्रेन वा यस्तै हेभी साधनको रु. २०००।-

तर, विधुतीय उर्जाबाट संचालन हुने र कृषि कार्यमा प्रयोग गरिने साधनको हकमा तोकिएको दर मा ५० प्रतिशत छुट हुनेछ ।

## अनुसूचि ७
(दफा (७) सँग सम्बन्धित)

### विज्ञापन करको दर

| सि.नं. | विज्ञापन सामग्री | इकाई | अवधि | दर रु. |
|---|---|---|---|---|
| १ | फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्री | प्रति वर्ग फिट | वार्षिक | ५०।- |
| २ | हार्डिङ बोर्ड वा यस्तै विज्ञापन प्रचार सामग्री | प्रति वर्ग फिट | वार्षिक | १००।- |
| ३ | डिजिटल बोर्ड वा यस्तै विज्ञापन प्रचार सामग्री | प्रति वर्ग फिट | वार्षिक | ५०।- |
| ४ | सवारी साधनको दाँया बायाँ | प्रति वर्ग फिट | वार्षिक | २०।- |
| ५ | खेलकुद मैदान, मेला, जात्रा वा यस्तै अन्य कार्यक्रममा विज्ञापन | प्रति दिन | दैनिक | ५०।- |
| ६ | अन्य | प्रति वर्ग फिट | वार्षिक | ५०।- |

गा.पा. अध्यक्ष

Scanned with CamScanner

## अनुसूचि ८

(दफा (८) सँग सम्बन्धित)

**मनोरञ्जन करको दर**

१. चलचित्र प्रदर्शन प्रति पर्दा वार्षिक रु. २०००।-

२. जादु, सर्कस, मेला सञ्चालन गराए वापत दैनिक रु. १००।-

## अनुसूचि ९

(दफा (९) सँग सम्बन्धित)

**बहाल बिलौरी शुल्कको दर**

| सि.नं. | विवरण | रुपैया |
|---|---|---|
| १ | तरकारी, फलफूल तथा अन्य सामग्री प्रति टोकरी | १०।- |
| २ | परेवा प्रति जोडा | १०।- |
| ३ | कुखुरा प्रति थान | १०।- |
| ४ | फुटपाथमा बसि मर्मत सम्भार गर्ने, कपाल काट्ने, सुर्ति, चक्कु, हँसीया, खुर्पि, जाँतो सिलौटा वा अन्य सामग्री बेच्ने सँग प्रति दिन | २०।- |
| ५ | पटके चिया, नास्ता, मिठाई, अण्डा आदी बेच्ने | २०।- |
| ६ | जडीबुटी बेच्ने तथा खेल चटक, तमासा इत्यादी | २०।- |
| ७ | माछा, मासु विक्रेता | ५०।- |
| ८ | दाउरा वा यस्ते अन्य सामग्री प्रति भारी | ५।- |
| *कनै साधनमा ल्याएका सामग्रीलाई पनि माथि उल्लेख भए बमोजिमको इकाईमा दामासाहीले कर संकलन गरिने* | | |

**पशु बजार सेवा शुल्कको दर**

(क) गाई, गोरु, राँगा, घोडा र घोडीको प्रति थान विक्रेताबाट लिने रु. १००।-

(ख) गाई, गोरु, राँगा, घोडा र घोडीको प्रति थान क्रेताबाट लिने रु. १००।-

(ग) खसी, बाखा, बोका, पाठा, पाठी प्रति थान विक्रेताबाट लिने रु. ५०।-

(घ) खसी, बाखा, बोका, पाठा, पाठी प्रति थान क्रेताबाट लिने रु. ५०।-

गा.पा. अध्यक्ष

Scanned with CamScanner

## अनुसूचि १०
(दफा (१०) सँग सम्वन्धित)
### पार्किङ शुल्कको दर

(क) साईकल प्रति घण्टा रु. २।-
(ख) टायर गाडा प्रति घण्टा रु. ७।-
(ग) दुई पांग्रे सवारीका लागि प्रति घण्टा रु. ५।-
(घ) चार पांग्रे सवारीका लागि प्रति घण्टा रु. १०।-
(ङ) छ वा सो भन्दा वढी पांग्रे सवारीका लागि रु. ३०।-

१. क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखांकन गरी, प्रवेश र वर्हिगमन फरक फरक हुने गरी, कुनै पनि सडक कुल चौडाईको २५ को प्रतिशत भन्दा वढी भाग नओगटने गरी, सकभर आधुनिक प्रयोगमा ल्याउने गरी आफै वा निजी क्षेत्रबाट सवारी पार्किङ्ग व्यवस्थापन गर्न सक्ने ।
२. सवारी साधन पार्किङ्ग गर्ने क्षेत्र र निषेध क्षेत्र गाउँ कार्यपालिकाले तोक्न सक्नेछ ।

## अनुसूचि ११
(दफा (११) सँग सम्वन्धित)
### सिफारिस, मुल्याङ्कन, सेवा शुल्क दस्तुर

| सि.नं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | **निवेदन शुल्क** | | |
| | निवेदन दस्तुर टिकट वापत | १०।- | |
| | न्यायिक समिति निवेदन दस्तुर | १००।- | |
| | न्यायिक समिति मेलमिलाप दस्तुर | ५००।- | |
| २ | **पञ्जीकरण** | | |
| | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | ५०।- | |
| | व्यक्तिगत घटना प्रतिलिपी | १००।- | |
| ३ | **नेपाली तथा अंग्रेजीमा गरिने सिफारिस शुल्क** | | |
| | अंग्रेजीमा गरिने सवै सिफारिस | ५००।- | |
| | नागरीकता सिफारिस | १००।- | |
| | नागरिकता प्रतिलिपी सिफारिस | १००।- | |
| | मुचुल्का सहितको नागरिकता | २००।- | |
| | अंगिकृत नागरिकता | १००।- | |
| | नाता प्रमाणित स्वदेश प्रयोजन | १००।- | |
| | नाता प्रमाणित विदेश प्रयोजन | ५००।- | |

गा.पा. अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | नाता कायम सिफारिस | १००।- | |
| | पारिवारिक विवरण सिफारिस | १००।- | |
| | बसोवास प्रमाणित सिफारिस | १००।- | |
| | नाबालक सिफारिस | १००।- | |
| | जन्म मिति प्रमाणित सिफारिस | १००।- | |
| | वैवाहिक सम्बन्ध प्रमाणित सिफारिस | १००।- | |
| | अविवाहित प्रमाणित सिफरिस | १००।- | |
| | व्यक्तिगत प्रमाणित सिफारिस | १००।- | |
| | चारीत्रिक प्रमाणित सिफारिस | १००।- | |
| | सम्बन्ध विच्छेद प्रमाणित सिफारिस | २००।- | |
| | खानेपानी, टेलीफोन जडान, नामसारी, ठाउँ सारी | १००।- | |
| | विद्युत मिटर जडान सिफारिस (घरायसी) | २००।- | |
| | विद्युत मिटर जडान सिफारिस थ्रि फेज | ५००।- | |
| | व्यक्तिगत घटना दर्ता प्रतिलिपी सिफारिस | १००।- | |
| | चौपाया निकासी दस्तुर प्रति गोटा सिफारिस | १०।- | |
| | विभिन्न संघ, संस्था, क्लव, ईन्टिच्यूट आदि दर्ता सिफारिस | १०००।- | |
| | संस्था नविकरण प्रति लाख | १००।- | |
| | नाम थर जन्म मिति संसोधन सिफारिस | १००।- | |
| | पेन्सन सिफारिस | २००।- | |
| | निजी बैंक स्थापना अनुमती सिफारिस | ५०००।- | |
| | नागरिकता वाहेका मुचुल्का सिफारिस | १००।- | |
| | पटके सिफारिस | १००।- | |
| | उजुरी निवेदन दस्तुर | १००।- | |
| | मिलापत्र दस्तुर | ५००।- | |
| | टावर स्वीकृत सिफारिस | १५००।- | |
| ४ | **घरेलु तथा साना उद्योगको सरजमिन तथा सिफारिस** | | |
| | साना तथा घरेलु उद्योग सिफारिस | ५००।- | |
| | व्यवसाय वन्द तथा नाम परिवर्तन | ५००।- | |
| | मदिरा व्यवसाय सिफारिस (खुद्रा) | १०००।- | |
| | मदिरा व्यवसाय सिफारिस (थोक) | २०००।- | |

गा.पा. अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | निर्माण व्यवसाय सिफारिस | १०००।- | |
| ५ | **चार किल्ला प्रमाणित** | | |
| | चार किल्ला प्रमाणित | २००।- | |
| | पहिलो कित्ता पछि थप प्रति कित्ता | १००।- | |
| ६ | **ट्रेस नक्सा निर्माण तथा प्रमाणित दस्तुर** | | |
| | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | २००।- | |
| | ट्रेस नक्सा प्रमाणित प्रति कित्ता | १००।- | |
| ७ | **जग्गा नामसारी, किनबेच तथा मालपोत सम्बन्धी अन्य सिफारिस** | | |
| | राजिनामा, बकसपत्र सिफारिस | ५००।- | |
| | अंशवण्डा सिफारिस | २००।- | |
| | नाम सच्याई सरजमिन सिफारिस | २००।- | |
| | घर बाटो सिफारिस एक कित्ता | १००।- | |
| | जग्गा धनी पूर्जा प्रतिलिपी | २००।- | |
| | जग्गा दर्ता वा नामसारी सिफारिस ५ रोपनी सम्म | ३००।- | |
| | घर नक्सा नामसारी | ५००।- | |

## नक्सा पास दस्तुर तथा फाराम शुल्कको दररेट

| सि.नं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | RCC भुई तल्ला निर्माण गर्दा प्रति वर्ग फिट | १।- | |
| | RCC प्रथम तल्ला निर्माण गर्दा प्रति वर्ग फिट | २।- | |
| | RCC दोस्रो तल्ला निर्माण गर्दा प्रति वर्ग फिट | ३।- | |
| | RCC तेस्रो तल्ला र सो भन्दा माथि निर्माण गर्दा प्रति वर्ग फिट | ४।- | |
| २ | कम्पाउण्डवाल प्रति रनिङ फिट | १।- | |
| ३ | घर निर्माण सम्पन्न प्रमाण पत्र | ३००।- | |
| ४ | घर नक्सा नामसारी दस्तुर | ३००।- | |
| ५ | घर नक्सा निवेदन दस्तुर | २००।- | |
| ६ | घर नक्साको प्रतिलिपी | ३००।- | |

गा.पा. अध्यक्ष

Scanned with CamScanner

अनुसूचि १२

(दफा (१२) सँग सम्वन्धीत)

**पर्यटन शुल्क**

गाउं कार्यपालिकाबाट तोकिएको स्थानमा तोकिएको वमोजिम पर्यटन शुल्क लाग्ने छ ।

निष्कर्ष तथा सुझावहरु :

- राजस्व संकलन लाई प्रभावकारी वनाउन क्लष्टर बनाई राजस्व संकलन केन्द्रको रुपमा स्थापनाको लागि जोड दिनुपर्छ ।
- राजस्व संकलन प्रति जनचेतना अभिवृद्धि गर्नको लागि रेडियो, टि.भि.वा अन्य माध्यमबाट सुचना प्रवाह गर्नुपर्ने ।
- राजस्व शाखालाई प्रभावकारी बनाउन राजस्व क्षेत्रसँग सम्वन्धि कर्मचारी भर्नामा जोडदिने ।
- कम्प्युटिकृत प्रणालीलाई अझै प्रभावकारी वनाउन समयानुसार परिमार्जित गर्नुको साथै नयाँ कर शिर्षकहरुलाई व्यवस्थित गर्न कम्प्युटिकृत प्रणाली अनुसार व्यवस्थित गर्नपर्ने ।
- राजस्व सम्वन्धी नीति, प्रतिवेदन र विश्लेषणलाई अझ प्रभावकारी वनाउन राजस्व परामर्श समितिको नियमित बैठक वसाउनु पर्ने ।
- गाउँ सभामा प्रतिवेदन पेश गर्दा कार्यदल गठन गरी प्रतिवेदन तयार गर्नुपर्ने ।
- बहालकरलाई व्यवस्थित र करको दायरामा समावेश गराउनको निमित उचित कदम चाल्नु पर्ने ।
- दर्ता नभएका साना व्यवसायी, उद्योगीहरुलाई गाउँपालिकाको करको दायरामा समावेश गराउने प्रयास गर्नु पर्छ ।
- निकासी र पैठारी जन्य बस्तुको कर संकलनमा प्रभावकारीता ल्याउन उचित अध्ययन विधि अपनाउनु पर्ने ।
- ६ वटै वडामा राजस्व संकलनलाई जोड दिनुका साथै राजस्व संकलनलाई कम्प्युटिकृत गरी कर्मचारीको व्यवस्था गर्ने ।
- राजस्व सम्बन्धी कर्मचारीहरुलाई समय समयमा राजस्व सम्बन्धि तालिम गोष्ठी इन्यादीको व्यवस्था गर्नु पर्ने ।
- उद्योग व्यवसायीहरुलाई करको दायरामा समावेश गराउनुको लागि दर्ता नविकरण सम्वन्धि अनिवार्य व्यवस्था हुनुको साथ वर्गीकृत व्यवस्था अनुसार राजस्व संकलन गर्ने ।
- गाउँपालिका अन्तर्गत बजार क्षेत्र, व्यापारिक क्षेत्र, औद्योगिक क्षेत्रको समयानुकुल अनुगमन गर्नको लागि विज्ञहरुको अनुगमन टोली गठन गरी राजस्व संकलनलाई प्रभावकारी बनाउने साथै अन्य क्षेत्रहरुलाई पनि यस टोली मार्फत अनुगमन गरी कर र राजस्वको दायरामा समावेश गराउने ।
- राजस्वका दरहरु सार्वजनिक गरी हुने खालका कार्यकमहरु निर्धारित गरी आयोजना गर्नुपर्ने ।

गा.पा. अध्यक्ष

Scanned with CamScanner